नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८१/०८२
चलानी नम्बरः-

मिति : २०८१/०४/२१

## सूचना !

नेपाल र इजरायल सरकार बीच भएको श्रम सम्झौता अनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपाली सहायक कामदार पठाउन मिति २०८१/०३/११ मा आवेदन माग भई मिति २०८१/०४/११ गते सम्म भर्ना प्रकृयाको अन्तिम म्याद रहेको व्यहोरा सर्वविदितै छ । डकुमेन्ट चेकजाँच गर्ने सम्पूर्ण कार्य सकिएको हुँदा अन्तिम नतिजा तपसिल बमोजिम रहेको व्यहोरा सम्पूर्ण सबैमा जानकारीको लागि अनुरोध छ । साथै, PIBA ले अब Namecheck गरी Namecheck को नतिजा पठाए पश्चात Namecheck मा पर्न सफल उम्मेदवारहरुलाई इजरायल सरकारको Lottery program मा समावेश गराउने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिलः**

जम्मा आवेदन दिने संख्या : ४०२४ (२२०९ पुरुष, १८१५ महिला)

जम्मा एप्रुभ्ड संख्या : ३४६१ (१८६३ पुरुष, १५९८ महिला)

जम्मा रिजेक्सन संख्या : ३२१ (१९७ पुरुष, १२४ महिला)

डकुमेन्ट तथा कागजात नपुगी Returned back to applicants गरिएको संख्या :२४२ (१४९ पुरुष, ९३ महिला)

Namecheck का लागि पठाइएको संख्या : ३४६१ (१८६३ पुरुष, १५९८ महिला)

यसै सन्दर्भमा इजरायलमा कामदार पठाइदिने भनी विभिन्न निकाय तथा व्यक्तिहरुले अनाधिकृत रुपमा रकम असूली गरेको भन्ने जानकारी यस विभागमा प्राप्त भएकोले सो सूचनामा विभागको गम्भीर ध्यानाकर्षण भएको छ। यसका साथै कतिपय व्यक्ति/समूहबाट छनौट प्रक्रिया बारेमा संचार माध्यमबाट समेत भ्रामक सूचना सार्वजनिक समेत भैरहेको पाइएकोमा त्यस्ता गलत र भ्रामक कार्यमा संलग्न नहुन, विभागको आधिकारिक सूचनालाई आधार मान्नुहुन समेत अनुरोध गरिन्छ ।

०८१।४।२१

..........................
**निर्देशक**

*नेपाल सम्बत ११४४ गुलाथ्व पारु, सोमबार*

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np